## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको सार्वजनिक गरिएको विवरण :

### १. सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) अनुसारको विवरण

**(क) निकायको स्वरुप र प्रकृति :**

साना किसान विकास लघुवित्त वित्तीय संस्था (यसपछि लघुवित्त संस्था भनिएको) कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको थोक लघुकर्जा प्रदायक लघुवित्त संस्था हो ।

**(ख) निकायको काम, कर्तव्य र अधिकार :**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कम्पनी ऐन २०६३, नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त 'घ' वर्गको लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन तथा समय समयमा जारी हुने परिपत्रहरु र लघुवित्त संस्थाको आन्तरिक नीति नियम, कार्यविधि र निर्णयहरुले तोके बमोजिमको काम, कर्तव्य र अधिकार रहेको छ ।

**(ग) निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**

यस लघुवित्त संस्थामा कार्यरत कर्मचारी संख्या स्थायी ८२ र करार/ज्यालादारी सेवामा १४ गरी कुल ९९ रहेको छ । निजहरुले यस लघुवित्त वित्तीय संस्थाले तोकेका विभिन्न इलाका कार्यालय, कार्यक्रम तथा परियोजना र केन्द्रीय कार्यालयमा विभिन्न पदमा कार्यरत कर्मचारीहरुबाट कार्यविवरणमा तोकिए अनुसारका कामहरु सम्पादन हुँदैआएको छ ।

**(घ) निकायबाट प्रदान गरिने सेवा :**

बैंक तथा वित्तीय संस्था ऐन २०७३ बमोजिम 'घ' वर्गको इजाजतपत्रप्राप्त थोक लघुकर्जा प्रदायक वित्तीय संस्थाको रुपमा प्रचलित ऐन, कानुन, नीति, नियम, निर्देशिकाहरुको अधिनमा रही प्रदान गर्न सकिने सेवाहरु यस लघुवित्त संस्थाले प्रदान गर्दै आएको छ ।

**(ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**

यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय सुविधानगर, तीनकुने काठमाडौंमा रहेको छ र ११ वटा इलाका कार्यालयहरु बिर्तामोड, इटहरी, बर्दिबास, बनेपा, हेटौंडा, गजुरी, पोखरा, बुटवल, नेपालगञ्ज, वीरेन्द्रनगर र अत्तरियामा रहेका जिम्मेवार कर्मचारीहरु मार्फत सेवा प्रदान गर्दै आएको छ । सेवा प्रदान गर्ने कार्यालयहरु र जिम्मेवार अधिकारीहरुको विवरण यस संस्थाको वेबसाइट www.skbbl.com.np मा उपलब्ध छ ।

**(च) सेवा प्राप्त गर्न लाग्ने दस्तु र अवधि :**

यस लघुवित्त संस्थाबाट प्रवाह गरिने थोक कर्जा सेवाको ब्याजदर प्रत्येक त्रैमासिकरुपमा सूचना पाटी र वेबसाईटमा प्रकाशन गरे अनुसार हुनेछ । नियमनकारी निकायहरुद्वारा निर्देशित परिधिभित्र रही उपयुक्त प्रकृयाबाट छिटो छरितो रुपमा सेवा प्राप्त गर्ने व्यवस्था मिलाईएको छ । यस सम्बन्धी विस्तृत विवरण यस संस्थाको वार्षिक प्रतिवेदन र वेबसाइट www.skbbl.com.np मा उपलब्ध छ ।

**(छ) निर्णय गर्ने प्रकृया र अधिकारी :**

लघुवित्त वित्तीय संस्थाले प्रदान गर्ने सेवाका सम्बन्धमा प्रचलित ऐन, कानुन, नीति, नियम, निर्देशिका तथा सञ्चालक समितिले समय समयमा गर्ने निर्णयहरुको अधिनमा रही तोकिएका कार्यहरु सम्पादन गर्नका निम्ति तोकिएका अधिकारीहरुले निर्णय गर्न सक्ने व्यवस्था मिलाइएको छ । सम्पूर्ण शेयर सदस्य सहितको साधारण सभा यसको सर्वोच्च निकाय हो । साधारण सभाले यस लघुवित्त वित्तीय संस्थामा नीतिगत निर्णय लिने तथा व्यवस्थापनलाई आवश्यक मार्गदर्शन तथा नीति निर्देशन प्रदान गरी व्यवस्थापनको कामहरुलाई नियन्त्रण तथा अनुगमन गर्नका लागि सञ्चालक समितिको निर्वाचन

गर्दछ । सञ्चालक समितिको नीति निर्देशन तथा निर्णयहरुको अधिनमा रही व्यवस्थापकीय प्रमुखको रुपमा लघुवित्त वित्तीय संस्थाको समग्र कार्य सञ्चालन गर्नका लागि प्रमुख कार्यकारी अधिकृतलाई जिम्मेवारी प्रदान गरिएको छ ।

**(ज) निर्णय उपर उजुरी सुन्ने अधिकारी :**

निर्णय उपर उजुरी सुन्नका लागि हाल प्रमुख कार्यकारी अधिकृतलाई गुनासो सुन्ने अधिकारीको रुपमा रहने व्यवस्था गरिएको छ । निजको ठेगाना यस प्रकार रहेको छ :

डा. शिवराम प्रसाद कोइराला, प्रमुख कार्यकारी अधिकृत
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. केन्द्रीय कार्यालय, तिनकुने, काठमाडौं ।
फोन नं. ०१-४१११७५२, इमेल shivram.koirala@skbbl.com.np

**(झ) सम्पादन गरेको कामको विवरण :**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम 'घ' वर्गको थोक लघुकर्जा प्रदायक वित्तीय संस्थाले गर्न सक्ने सम्पूर्ण कारोबारहरु सम्पादन भईरहेको छ । कानुन अनुसारका प्रगति विवरण त्रैमासिक रुपमा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा र यस वित्तीय संस्थाको वेबसाइट www.skbbl.com.np मा समेत नियमितरुपमा प्रकाशन गरिन्छ ।

**(ञ) सूचना अधिकारी र प्रमुखको नाम र पद :**

(१) ग्राहकहरुलाई आवश्यक सूचना प्रदान गर्न तपसिल बमोजिमका अधिकारीलाई सूचना अधिकारी तोकिएको छ :

श्री झलेन्द्र भट्टराई, का. मु. नायब प्रमुख कार्यकारी अधिकृत
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. केन्द्रीय कार्यालय, तिनकुने, काठमाडौं
फोन नं: ०१-४१११७५२,
इमेल info@skbbl.com.np/jhalendra.bhattarai@skbbl.com.np

(२) यस लघुवित्त संस्थाको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना यस प्रकार रहेको छ :-

**डा. शिवराम प्रसाद कोइराला**, प्रमुख कार्यकारी अधिकृत
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. केन्द्रीय कार्यालय, सुविधानगर, तिनकुने, काठमाडौं, फोन नं. ०१-४१११७५२, इमेल shivram.koirala@skbbl.com.np

**(ट) ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :**

लघुवित्त संस्थाले प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गका लघुवित्त वित्तीय संस्थालाई जारी भएको निर्देशन, २०७७ र कम्पनी ऐन, २०६३ का अतिरिक्त सम्पूर्ण ऐन, नियम, विनियम वा निर्देशिकाहरु पालना गर्नुपर्ने हुन्छ भने लघुवित्त संस्था सञ्चालनका लागि आवश्यक पर्ने नियमावली, विनियमावली, कार्यविधि आदि बनाई लागू गरिएको छ ।

**(ठ) आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणहरु :**

लघुवित्त वित्तीय संस्थाको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी सम्पूर्ण वित्तीय विवरणहरु त्रैमासिक रुपमा राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित गरिदै आएको छ भने यस लघुवित्त संस्थाको वेवसाइट www.skbbl.com.np मा समेत राखिँदै आएको छ ।

**(ड) तोकिए बमोजिमका अन्य विवरण :**

नियमानुसार तोकिए बमोजिमको अन्य विवरणसमेत राष्ट्रियस्तरको दैनिक पत्रिकाहरुमा प्रकाशन गर्नुका साथै यस वित्तीय संस्थाको वेवसाइट : www.skbbl.com.np मा समेत राख्ने गरिएको छ ।

**२. <u>सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमको विवरण देहाय बमोजिम रहेको छ :</u>**

**(क) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण :**

यस लघुवित्त संस्थाले साना किसान कृषि सहकारी संस्था लि. तथा समान प्रकृतिका अन्य संस्थाहरु मार्फत विपन्न, गरीब एवम् साना किसानहरुको क्षमता अभिवृद्धि गरी वित्तीय पहुँच बढाएर उनीहरुको आर्थिक तथा सामाजिक विकास सम्भव तुल्याउन थोक कर्जा सेवाका अतिरिक्त विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । यसको विस्तृत विवरण वित्तीय संस्थाले प्रत्येक वर्ष प्रकाशन गर्ने वार्षिक

प्रतिवेदनमा उपलब्ध छ । साथै लघुवित्त वित्तीय संस्थाको वित्तीय विवरणहरु त्रैमासिक रुपमा विभिन्न राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित गरी संस्थाको वेवसाइटमा समेत नियमितरुपमा प्रकाशन गरिन्छ । वार्षिक प्रतिवेदन लगायत अन्य सम्पूर्ण विवरणहरु लघुवित्त संस्थाको वेबसाइट : www.skbbl.com.np बाट डाउनलोड गर्न वा प्राप्त गर्न सकिन्छ ।

**(ख) सार्वजनिक निकायको वेबसाईट भए सोको विवरण :**

यस संस्थाको वेबसाइट : www.skbbl.com.np रहेको छ ।

*(ख१) लघुवित्त संस्थाले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :* लघुवित्त संस्थाले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवम् प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरणहरु समेटी तयार पारिएको वार्षिक प्रतिवेदनहरु र त्रैमासिक वित्तीय विवरणहरुमा प्रकाशन गरिएको छ । उक्त विवरणहरु नियमननिकायको निर्देशन अनुसार तोकिएको समयमा राष्ट्रियस्तरको दैनिक पत्रपत्रिकामा प्रकाशन गर्ने, पुस्तककारुपमा प्रकाशन गरी साधारण सभा र आवश्यकता अनुसार वितरण गर्ने र लघुवित्त संस्थाको वेबसाईटमा नियमितरुपमा प्रकाशन गर्ने गरिएको छ ।

*(ख२)* सार्वजनिक निकायले सञ्चालन गरेका कार्यक्रम र सोको प्रतिवेदन : माथि (ख१) अनुसार ।

(ख३) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि : लघुवित्त संस्थाको नियमानुसार ।

(ख४) सार्वजनिक निकायमा परेका सूचना मागसम्बन्धी निवेदन र सोउपर सूचना दिईएको विषय : नभएको ।

**(ग) सार्वजनिक निकायको सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भएको भए सोको विवरण :**

(१) त्रैमासिक वित्तीय विवरणहरु : कुनै एक राष्ट्रियस्तरको दैनिक पत्रपत्रिकामा त्रैमासिकरुपमा प्रकाशन गरिन्छ ।

(२) वार्षिक प्रगति प्रतिवेदन : वार्षिक साधारण सभामा र लघुवित्त वित्तीय संस्थाको वेबसाइटमा, कार्यालय समयमा लघुवित्त संस्थाबाट प्राप्त समेत गर्न सकिन्छ ।

(३) अन्य सूचनाहरु : लघुवित्त संस्थाको मुखपत्र 'साना किसान', समय समयमा गरिने प्रकाशनहरु र वेबसाईटमा हेर्न सकिन्छ ।